# न्यूजप्रवाह साप्ताहिक
Newsprabah weekly

स्थानीय 'ग' वर्गमा वर्गीकृत

❖ वर्ष ५ ❖ अंक ३१ ❖ २०८२ फागुन २० गते बुधबार ❖ Wednesday, 4 March, 2026 ❖ मूल्य रू. १०।- ❖ पृष्ठ ६ ❖ (Website : www.newsprabah.com)


# निष्पक्ष र मर्यादित निर्वाचनका लागि प्रजिअ अर्यालको पाँच सूत्र

भरतपुर। निर्वाचन नजिकिँदै जाँदा सबै क्षेत्रमा चुनावकै चर्चा-परिचर्चा भइरहेको छ। दलहरू आफ्नो प्रचार-प्रसारमा लागेका छन् भने जनता पनि चासोका साथ नियालिरहेका छन्। सामाजिक सञ्जाल यतिबेला चुनावी चर्चाले नै रङ्गिएको छ। चुनाव सङ्घारमै आएको छ।

शान्तिपूर्ण र निष्पक्ष रूपमा निर्वाचन सम्पन्न गराउने जिम्मेवारी कर्मचारीको काँधमा रहने गर्दछ। हाल देशभर विभिन्न कर्मचारीहरू निर्वाचनमा खटिँदै छन् भने यसका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी फिल्डमा खटिनेक्रम जारी रहेको छ। हाल निर्वाचनका आवश्यक सामग्रीहरू मतदानस्थल तथा केन्द्रमा पुऱ्याउने र व्यवस्थापन गर्ने कामसमेत भइरहेको छ।

निर्वाचनलाई निष्पक्ष, मर्यादित र शान्तिपूर्ण रूपमा सम्पन्न गराउन खटिने सुरक्षाकर्मी, सबै तहका कर्मचारी तथा विशेषगरी मतदान अधिकृत र सहायक अधिकृतको भूमिका महत्त्वपूर्ण हुने चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले बताए। प्रजिअ अर्यालका अनुसार निर्वाचन सफल र



विश्वसनीय बनाउन सबै पक्षले आ-आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गर्न आवश्यक छ।

उनले निर्वाचन सफल बनाउन मतदानमा खटिने कर्मचारीले 'पाँच पी' को पालना गर्नुपर्नेमा जोड दिएका छन्। अङ्ग्रेजी अक्षर 'पी' बाट सुरू हुने शब्दहरू उल्लेख गर्दै उहाँले पहिलो 'पी' पक्चुअलिटी (समयपालन), दोस्रो 'पी' प्रोसेस (प्रक्रिया पालना), तेस्रो 'पी' पेसन्स (धैर्यता), चौथो 'पी' पार्टिसिपेसन (सक्रिय सहभागिता) र पाँचौं 'पी' इम्पार्सियलिटी (निष्पक्षता)कायम गर्न आवश्यक रहेको बताए।

यी मापदण्डको पालना गरिए निर्वाचन निष्पक्ष र व्यवस्थित हुने उनको विश्वास छ। उनले यी पाँच कुरामा कमजोरी भए अन्तिम 'पी' का रूपमा 'पेनालाइज' अर्थात् 'पनिसमेन्ट' (दण्ड) पनि भोग्नुपर्ने अवस्था आउन सक्ने चेतावनी दिए।

यसअघि पनि प्रमुख जिल्ला अधिकारी अर्यालले निर्वाचन शब्दलाई आफ्नै शैलीमा व्याख्या गरेका थिए। उनले 'नि र वा च न' लाई सरलीकरण गर्दै 'नि' को अर्थ निष्पक्ष, 'र' को अर्थ रणनीतिक रूपमा अघि बढ्नु, 'वा' को अर्थ अरूलाई वाधा वा विरोध नगरी आफ्ना दृष्टिकोण प्रस्तुत गर्नु, 'च' को अर्थ चलखेल नगर्नु र 'न' को अर्थ नकारात्मकता नफैलाउनु रहेको बताएका थिए। प्रजिअ अर्यालले प्रस्तुत गरेको उक्त व्याख्यालाई निर्वाचन आयोगले पनि अपनत्व ग्रहण गरेको थियो।

# निर्वाचनको तयारी अन्तिम चरणमा

भरतपुर। फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको छ।

निर्वाचन कार्यालय भरतपुरका अनुसार अब निर्वाचनका सामग्री लिएर मतदान केन्द्रमा जान बाँकी रहेको छ, अन्य सम्पूर्ण तयारी



लगभग पूरा भएको छ। कार्यालय प्रमुख भीमसेन कार्कीले चितवनको तीन वटा क्षेत्रमा मतदाता शिक्षा चलिरहेको छ। चितवनका सबै ९८ वडामै फागुन १७ गतेसम्म मतदाता शिक्षा चल्ने उनले बताए।

'५१ प्रकारका निर्वाचन सामग्री आइसकेको छ, मतपत्र पनि आइपुग्यो। अहिले प्याकेजिङ गर्ने काम भइरहेको छ' कार्कीले भने। निर्वाचन अधिकृतको कार्यालयबाट मतदान अधिकृतको जिम्मामा सबै सामग्री पठाइने छ।

निर्वाचन आचारसंहिता अनुगमन एवं परिपालनामा निरन्तरता दिँदै केन्द्रीय आचारसंहिता अनुगमन समितिलगायतका संयन्त्रहरुले सक्रिय रुपमा कार्यसम्पादन गर्दै आएका छन्।

(बाँकी ५ पेजमा)

# सेनाको मोटरसाइकल गस्ती



भरतपुर। आगामी २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई शान्तिपूर्ण, भयरहित बनाउन चितवनमा नेपाली सेनाले मोटरसाइकल गस्ती सुरू गरेको छ।

भौगोलिक दृष्टिले चुनौतीपूर्ण तथा सडक सञ्जाल सीमित रहेका स्थानहरूमा छिटो पहुँच सुनिश्चित गर्न सेनाले मोटरसाइकल गस्ती सुरू गरेको हो।

सम्भावित अवाञ्छित गतिविधि

(बाँकी ५ पेजमा)

# मुसहर बस्तीमा देखिएन निर्वाचनको रौनक

भरतपुर। देशभर निर्वाचनको माहोल भएपनि यहाँको एक बस्तीमा हालसम्म कुनै किसिमको रौनक देखिएको छैन।

रत्ननगर नगरपालिका-८स्थित माझी, मुसहर टोल निर्वाचनको रौनकतादेखि टाढा छ। २९ घरपरिवार माझी, मुसहर भएको सो टोलकी अध्यक्ष बासमती माझी निर्वाचन नजिकिए पनि कुनै उम्मेदवारको नजर आफ्नो बस्तीमा नपरेको बताइन्। उनले भनिन्, 'अहिलेसम्म यहाँका मतदाता भेट्न कुनै उम्मेदवार आउनु भएको छैन।'

अघिल्ला निर्वाचनमा हरेक दलका उम्मेदवार वा प्रतिनिधि मत



माग्न आउँथे तर यसपटक कोही नआएको उनले बताइन्।

यसपटकको निर्वाचनमा यहाँका स्थानीय बासिन्दालाई कुन दलबाट

(बाँकी ५ पेजमा)

# ५२ उमेदवारले बुझाएनन् घोषणापत्र

भरतपुर। चितवनका ५२ उमेदवारले आफ्नो घोषणापत्र बुझाएनन्। निर्वाचन कार्यालय भरतपुरले चितवनका स्वतन्त्र तथा राजनीतिक दलका गरी ६४ उमेदवारमध्ये जम्मा १२ जनाले मात्र घोषणापत्र बुझाएका छन्।

निर्वाचन कार्यालय भरतपुरका प्रमुख भीमसेन कार्कीले तीन जना स्वतन्त्र र नौ जना राजनीतिक दलका उम्मेदवारले मात्र आफ्नो घोषणापत्र बुझाएको बताए। उनले भने, 'घोषणापत्र अनिवार्य बुझाउनुपर्ने हो,

(बाँकी ५ पेजमा)


## बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.

भरतपुर, चितवन, मो. ९८४५०६७४१४

ना ४२ प १९९७

हाम्रा सेवाहरू :

ना ४२ प १९९७

| | | |
|---|---|---|
| नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ्ग कार्ड |
| बिल/रसिद | विवाह कार्ड | नाईलन छाप |
| कम्प्युटर टाईपिङ | बुक सेटिङ्ग/छपाई | म्यागजिन डिजाईन |

यहाँ नम्बर प्लेट बनाइन्छ।

पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ...।



## मतदान किन गर्ने ?

- लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन।
- योग्य जनप्रतिनिधिको छनौट गर्न।
- नागरिक कर्तव्य निर्वाह गर्न।
- जनतामा नीहित सार्वभौमसत्ताको प्रयोग गर्न।
- निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गर्न।
- असल, विवेकशील, गतिशिल र दुरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न।

नेपाल सरकार
विज्ञापन बोर्ड

# न्यूजप्रवाह

Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर-१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर-३, प्रेसमार्ग


## सम्पादकीय

## सामाजिक सद्भाव कायम राखौँ

फागुपूर्णिमा अर्थात् होली नेपाली समाजमा केवल रङ्ग खेल्ने पर्व मात्र होइन, आपसी सद्भाव, प्रेम र आत्मीयताको प्रतीक हो। असत्यमाथि सत्यको, अन्यायमाथि न्यायको, दूराचारमाथि सदाचारको र अधर्ममाथि धर्मको विजय भएको खुसियालीमा मनाइने यो पर्वले समाजलाई एकताबद्ध बनाउने गहिरो सन्देश बोकेको छ। होलीको मूल भावनामा वैरभाव परित्याग गरी प्रेमभाव र आत्मीयता प्रकट गर्ने परम्परा निहित छ। आफन्तजन, साथीभाइसँग अबिर तथा रङ्ग दलेर रमाइलो गर्ने चलनले सामाजिक दूरी घटाउने मात्र होइन, परस्पर विश्वास र सद्भावलाई मजबुत बनाउने काम गर्छ। यसरी होलीले समाजमा विद्यमान विभाजनलाई कम गर्दै सहिष्णुता र सहकार्यको वातावरण निर्माण गर्ने अवसर प्रदान गर्छ। तर, पछिल्ला वर्षहरूमा होली पर्वमा विकृति र विसङ्गति देखिन थालेका छन्। मदिरा सेवन, अश्लील व्यवहार, जबर्जस्ती रङ्ग दल्ने, सडकमा अशान्ति फैलाउने जस्ता कुरीतिले पर्वको मौलिकता मात्र होइन, सामाजिक सद्भावलाई समेत कमजोर बनाइरहेको छ। यसलाई रोक्न समाजका सबै वर्गले जिम्मेवारीपूर्वक होलीलाई सभ्य र मर्यादित ढङ्गले मनाउनुपर्ने आवश्यक छ।

पर्वको नाममा हुने विकृति निर्मूल गर्दै मौलिक संस्कृतिको संरक्षण र संवर्द्धन गर्नु आजको प्रमुख चुनौती पनि हो। सद्भाव र सहिष्णुताबाट मात्रै समाज बलियो हुन्छ। सांस्कृतिक विविधता र भिन्नताबीच पनि एकता सम्भव छ भन्ने सन्देश होलीले प्रदान गर्छ। विभिन्न जाति, धर्म, भाषा र संस्कृतिका नेपालीहरू एउटै रङ्गमा रङ्गिनु भनेको सामाजिक सद्भावको उत्कृष्ट उदाहरण हो। यस पर्वले हामीलाई भिन्नतालाई सम्मान गर्दै सहअस्तित्वको बाटो रोज्न प्रेरित गर्छ। आजको नेपाललाई सामाजिक सद्भावको आवश्यकता झन् बढी छ। राजनीतिक अस्थिरता, सामाजिक विभाजन, आर्थिक कठिनाइ जस्ता चुनौतीबीच होली पर्वले आपसी विश्वास र सहकार्यलाई बलियो बनाउन सक्छ। यदि हामीले होलीलाई सभ्य र मर्यादित ढङ्गले मनायौँ भने त्यो केवल रमाइलो मात्र होइन, समाजलाई एकताबद्ध बनाउने सांस्कृतिक अभियान हुनेछ।

यस वर्षको होली पर्वले समाजमा विद्यमान विकृति र विसङ्गति हटाउँदै मौलिक संस्कृतिको संरक्षण गर्ने प्रेरणा दिन सकोस्। वैरभावलाई विसर्जन गरी प्रेमभाव र आत्मीयताको रङ्गमा रङ्गिनु नै होलीको वास्तविकता भएकाले सामाजिक सद्भाव कायम राख्दै होलीलाई सभ्य र मर्यादित ढङ्गले मनाउनु नै हाम्रो सामूहिक जिम्मेवारी हो। होली रङ्गको पर्व मात्र नभएर सामाजिक सद्भाव र सहअस्तित्वको पर्व हो। यसलाई सभ्य र मर्यादित ढङ्गले मनाउँदा मात्र यसको वास्तविक महत्त्व प्रकट हुन्छ। होलीले नेपाली समाजलाई एकताबद्ध बनाउने प्रेरणा देओस्, सबैलाई होलीको शुभकामना!

# निर्वाचनमा अमूल्य मत सदुपयोगको अवसर



विचार

- कृष्ण अधिकारी

लोकतान्त्रिक प्रणालीमा मतदान औपचारिक कर्म मात्रै होइन, राज्य प्रणालीमा नागरिकको सहभागिता, अधिकार र प्रतिनिधित्व हुने अवसर पनि हो।

लोकतन्त्रको आधारस्तम्भ भनेको स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन नै हो। निर्वाचनबाट प्रतिनिधि छानिने मात्र होइन; जनताको सार्वभौम अधिकार प्रयोग गर्ने सबैभन्दा महत्त्वपूर्ण माध्यम हो।

समाजमा आर्थिक, सामाजिक वा सांस्कृतिक असमानता भए पनि मताधिकारका हिसाबले सबै नागरिकलाई समान छन्। लोकतन्त्रमा सबै नागरिक बराबर हुन्छन् भन्ने सिद्धान्तले समाजमा रहेको वर्गीय, लैङ्गिक वा क्षेत्रीय विभाजनलाई कम गर्न मद्दत गर्छ।

त्यसैले एउटा मत धनीको होस् वा गरिबको, शिक्षितको होस् वा अशिक्षितको सबैको मतको मूल्य समान हुन्छ। यही समानता लोकतन्त्रको नैतिक र राजनीतिक शक्ति हो। गरिब-धनी, शिक्षित-अशिक्षित, सहर-गाउँ, महिला-पुरुष सबैको मत बराबर हुन्छ। त्यसैले लोकतान्त्रिक मुलुकमा निर्वाचन र जनताको मताधिकारलाई उच्च महत्वका साथ हेर्ने गरिन्छ।

लोकतन्त्रमा हरेक मतको अर्थ रहेको हुन्छ। एउटा मतले कुनै राजनीतिक दललाई निर्वाचित गरी बहुमत दिएर सरकारमा पठाउँछ भने अर्कोतिर पराजित मतले एक बलियो प्रतिपक्षी दलको निर्माण गर्दछ।

विजय गराउन नपुग भएको मतबाट नै सशक्त प्रतिपक्ष दल बन्ने हुँदा लोकतन्त्रमा निर्वाचन प्रणालीको विशिष्ठ महत्त्व रहन्छ भन्ने मान्यतालाई स्वीकार गरिएको हुन्छ। विजयी मतले जत्तिकै महत्त्व पराजित मतको पनि रहने हुँदा हरेक मतदाताले गरेको मतदान खेर जाँदैन।

कुनै पार्टीलाई दिएको मत सरकार निर्माण गर्न होस् वा प्रतिपक्षमा उभ्याउन, दुवै अवस्थामा सरकारलाई जवाफदेहिता, पारदर्शिता र उत्तरदायित्वका लागि दबाब दिन काम लाग्छ। लोकतन्त्रको मूल मान्यता भनेकै एक व्यक्ति, एक मत, समान मूल्य हुनु हो।

निर्वाचनमा जनताको स्वतन्त्र सहभागिता, प्रतिस्पर्धा र समावेशीताले लोकतान्त्रिक मूल्यमान्यतालाई मजबुत बनाउन बल पुग्दछ। लोकतन्त्रको सरातत्व नै जनताको अभिमतमा आधारित शासन प्रणाली भएकाले निर्वाचनका माध्यमबाट त्यसको सुनिश्चित गरिएको हुन्छ।

कुनै पार्टी वा उम्मेदवारलाई मत दिँदा सङ्ख्यात्मक हिसाबले जित हार हुने हो, हरेक मतको उत्तिकै महत्त्व रहेको हुन्छ। त्यही एक मतले जित र हारको निर्णय गर्ने भएकाले सबै मतले बराबर हैसियत राख्दछ।

प्रत्येक मतदाताको मतको मूल्य समान हुन्छ। प्रत्येक मतदाताले मतदान केन्द्रमा पुगेर मत हाल्दा आफ्नो भविष्य, राज्यको दिशा र शासनको स्वरूप निर्धारण गरिरहेको हुन्छ।

राजनीतिक प्रणालीमा भएका कमीकमजोरीलाई सच्याउन पनि निर्वाचन नै जरुरत पर्दछ। विश्वका कतिपय मुलुकमा पछिल्लो समय 'नो भोट' वा 'राइट टु रिजेक्ट' वा 'नन अफ दि एबोभ' प्रणाली (नोटा) जस्ता अभ्यासहरू पनि प्रयोगमा आएका छन्। यसले नागरिकलाई असन्तुष्टी अभिव्यक्त गर्ने ठाउँ दिए पनि लोकतन्त्रलाई बल पुग्दैन।

यसले राजनीतिक नैराश्यता ल्याउने मात्र होइन, असर उम्मेदवार पराजित हुने र खराव वा आर्थिक चलखेल गर्ने व्यक्तिलाई राज्य सञ्चालनमा पुऱ्याउने खतरा ल्याउने हुँदा हरेक मतदाताले आफ्नो मताधिकार प्रयोग गर्ने नैसर्गिक अधिकारको उपयोग गरी असल व्यक्तिलाई चयन गर्ने अवसरबाट वञ्चित हुन दिनु हुँदैन।

निर्वाचन बहिस्कार वा असहमतिको फाइदा नागरिकले पाउन सक्दैनन्। सही प्रतिनिधित्वबाट नै राजनीतिलाई सुधार गर्न सकिन्छ र लोकतान्त्रिक अभ्यासलाई सुदृढ गर्न सकिन्छ। निर्वाचन भनेको लोकतन्त्रको आधारशिला हो, जुन जनसहभागिताबिना पूर्ण हुन सक्दैन।

मतदान नै जनताको आवाज सरकारसम्म पुग्ने औपचारिक माध्यम भएकाले नागरिकले आफ्नो मतमार्फत नीति, नेतृत्व र शासन प्रणालीप्रति समर्थन वा असहमति जनाउँछन्। प्रत्येक मतले शासनको दिशा तय गर्छ, नीति निर्माणलाई प्रभावित गर्छ र राज्यको वैधता सुनिश्चित गर्छ।

नागरिकमा आफ्नो मतको कुनै मूल्य छैन भन्ने निराशा जाग्न दिनु हुँदैन। मतको मूल्य घट्दा पैसाको प्रभाव बढ्छ। यसले स्वच्छ प्रतिस्पर्धा कमजोर बनाउँछ र भ्रष्टाचारलाई प्रोत्साहन दिन्छ। यसबाट शासन प्रणालीप्रति वितृष्णा ल्याउने र राजनीतिक अस्थिरता र अधिनायकवाद निम्त्याउने जोखिम रहने भएकाले लोकतन्त्रप्रति विश्वासको वातावरण बनाइराख्न जरुरी हुन्छ।

जब निर्वाचनमा ठूलो सङ्ख्यामा मत बदर हुन्छ वा मतदानमा सहभागिता कम हुन्छ, त्यतिबेला निर्वाचित प्रतिनिधिले सम्पूर्ण जनताको प्रतिनिधित्व गर्न सक्दैनन्।

विश्वमा लोकतन्त्रलाई परिस्कृत शासन प्रणालीको रूपमा लिने गरिन्छ। लोकतन्त्रको विकल्प भनेको लोकतन्त्र नै हो, जसको निर्णायक भूमिकामा आम नागरिक हुन्छन् र उनीहरूले मताधिकारको माध्यमबाट नै त्यसको प्रयोग गरेका हुन्छन्। कुनै पनि जात, धर्म, लिङ्ग, भाषा वा सामाजिक स्थितिको आधारमा भेदभाव नगरी हरेक बालिग नागरिकलाई मताधिकार सुनिश्चित गरिएको हुन्छ।

प्रत्येक नागरिकलाई समानतामा आधारित प्रतिनिधित्वको अनुभव दिलाउँछ अर्थात् प्रत्येक नागरिकलाई निर्णय प्रक्रियामा समान ढङ्गबाट सहभागी हुन, नेतृत्व गर्न र जिम्मेवार बनाउन सशक्त गराउँछ।

मिश्रित वा समानुपातिक प्रतिनिधित्व प्रणालीले विविध समुदायको मतलाई प्रतिनिधित्व दिलाउन सहयोग गर्छ। यसले गर्दा मतदातामा मत खेर गएको अनुभूतिलाई कम गर्छ।

लोकतन्त्र केबल संस्थागत संरचनाले मात्र सुदृढ हुन सक्दैन, यसमा सक्रिय नागरिक सहभागिता अनिवार्य हुन्छ। मतदानमा कम सहभागिता, मत खरिद-बिक्री, बदर मतको उच्च सङ्ख्या र निर्वाचन प्रक्रियामा बढ्न गएमा मतदातामा अविश्वासको वातावरण आउन सक्छ।

मतदातामा निराशा हुनु भनेको लोकतन्त्र कमजोर हुनु हो। त्यसैले प्रत्येक नागरिकले मतदानलाई अधिकार मात्र होइन, कर्तव्यका रूपमा लिनु पर्दछ। निर्वाचन उम्मेदवार वा दलको नीतिगत मूल्याङ्कन गर्ने अवसर पनि हो।

निर्वाचनप्रति जनविश्वास बढाउन राजनीतिक दलहरूले पनि योग्य, इमान्दार र जनउत्तरदायी उम्मेदवार उठाउनुपर्छ। साथै, चुनावी बाचा पूरा गर्ने संस्कृतिको विकास नगर्दासम्म मतदातामा निराशा घट्दैन। राज्यले निष्पक्ष निर्वाचन सुनिश्चित गर्न स्वतन्त्र र सक्षम निर्वाचनको वातावरण तयार गर्नुपर्छ।

नेपालमा सार्वभौम बालिग मताधिकारको पहिलो औपचारिक अभ्यास २०१५ सालको आमनिर्वाचनबाट थालनी भएको हो। यो निर्वाचनले नेपाली नागरिकलाईपहिलोपटकलोकतान्त्रिक प्रक्रियामा सहभागी हुने अवसर दिएको थियो।

महिला, दलित, जनजाति, मधेश आदि उपेक्षित वर्ग, समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न मिश्रित निर्वाचन प्रणालीको अभ्यास गरिएको छ। यद्यपि यस अभ्यासको पूर्ण कार्यान्वयनमा अहिले पनि थुप्रै समस्याहरू नभएका होइनन् तर त्यसलाई क्रमशः सुधार गर्दै लैजान सकिन्छ।

गत भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनको जगमा यही फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनबाट नयाँ जनप्रतिनिधि आउने मात्र नभई मुलुकलाई नयाँ दिशातर्फ डोऱ्याउने राजमार्ग पनि निर्माण गर्ने हुँदा मतदाताको हातमा देश र जनताको भाग्य र भविष्य अडिएको छ।

नागरिकले आफ्नो मतको महत्त्व बुझेर सक्रिय रूपमा मतदान गरेको अवस्थामा मात्रै राजनीतिक दल र नेताहरू जनताप्रति उत्तरदायी बन्न बाध्य हुन्छन्। लोकतान्त्रिक निर्वाचनमा जनताको मत खेर जानु भनेको लोकतन्त्रको आत्मा कमजोर हुनु हो।

जनताको मत खेर नजाने अवस्था निर्माण गर्नु राज्य, राजनीतिक दल र नागरिक सबैको साझा दायित्व हो र यही दायित्व पूरा हुँदा मात्र लोकतन्त्रले आफ्नो वास्तविक अर्थ पाउँछ। सार्वभौम मताधिकारको प्रयोगले मात्र लोकतन्त्रलाई सुदृढ बनाउनेछ र सबै नागरिकलाई समान अधिकार र अवसरको सुनिश्चित गर्दछ।

लोकतन्त्रको शक्ति बन्दुकमा नभई मतपेटिकामा हुने भएकाले निर्वाचनमा नै जनआकाङ्क्षाको वास्तविक प्रतिबिम्ब भएको हुन्छ। त्यसैले प्रत्येक नागरिकले आफ्नो मतको मूल्य बुझेर जिम्मेवार ढङ्गले प्रयोग गर्दा मात्र समावेशी, उत्तरदायी र सुदृढ लोकतन्त्र निर्माण सम्भव हुन्छ। मतको सम्मान नभएसम्म लोकतन्त्र केबल औपचारिक संरचना मात्र बन्न सक्छ।


मो. ९८५५०८२३८८, ९८०७२०८०८१



मेकना तामाङ
प्रोप्राइटर

मनछानी कृषि फर्म

भरतपुर-२१, रतनपुर, चितवन



उन्नत जातका बाख्रा, हाँस, कुखुरा, पाडा तथा पाल्तु जनावरहरु खरिद तथा बिक्री गरिन्छ।

# मतगणना तीन ठाउँमा हुने

भरतपुर। यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको समय साँझ पाँच बजेसम्म कायम गरिएको छ।


फाइल फोटो।

चितवनका तीनवटा क्षेत्रको निर्वाचन सकेलगत्तैमतपेटिकामतगणनास्थलमा ल्याइने छ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालका अनुसार चितवन क्षेत्र नं १ को मतगणना खैरहनीको भुवानीशंकर बहुमुखी कलेजमा हुनेछ। क्षेत्र नं २ को मतगणना भरतपुरको प्रदर्शनी केन्द्रमा हुनेछ। क्षेत्र नं ३ को मतगणना रामपुर कृषि क्याम्पसको भवनमा गरिने छ।

मतगणनामा सबै उमेदवारका प्रतिनिधि सहभागी हुनेछन्। मतगणनास्थल सुरक्षाकर्मीको घेरामा हुनेछ। प्रहरी, सशस्त्र र नेपाली सेनाले गणनास्थललाई सुरक्षित राख्नेछन्। यसपटक घेराबार लगाएर नै मतगणना हुनेछ।

निर्वाचनपछिको मतपेटिका सबै नेपाली सेनाको घेरामा मात्र हुनेछैन। जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक गोविन्द पुरीका अनुसार साँझ पाँच बजे निर्वाचन सकेलगत्तै मतपेटिकालाई विशेष सुरक्षा गरिने छ। 'मतपेटिकाको सुरक्षामा मूलतः प्रहरी खटिन्छ, त्यसपछि सशस्त्र हुन्छ, अनि नेपाली सेना रहन्छ। तीनवटै सुरक्षा घेरामा मतपेटिका मतगणनास्थलसम्म आउँछ', उनले भने, 'सबैउमेदवारकाप्रतिनिधिहरुलाई समावेश गरी सुरक्षा घेरामा मतगणना सुरू हुन्छ।'

गणना हुँदै जाँदा नतिजा पनि समय-समयमा विभिन्न माध्यमबाट सार्वजनिक गरिने मुख्य निर्वाचन अधिकृत केदारनाथ पौडेलले बताए। उनका अनुसार निर्वाचनका बेला पनि सबैभन्दा नजिक पहिलो घेरामा नेपाल प्रहरी नै हुनेछ। दोस्रो घेरामा सशस्त्र र तेस्रो घेरामा नेपाली सेना हुनेछन्।

'निर्वाचन सामग्री १८ गते बिहान ७ बजेबाट वितरण हुनेछ, मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई सामग्री दिएर मतदानस्थलमा पठाइन्छ, सोही दिन नै उनीहरु मतदानस्थलमा पुग्नेछन्', प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले भने, '५१ प्रकारका निर्वाचन सामग्री १८ गते मतदान केन्द्रमा पुग्नेछ।'

# मौन अवधि सुरु, केके गर्न पाइँदैन ?

भरतपुर। बिहीबार हुने प्रतिनिधि सभा सदस्य निर्वाचनअन्तर्गत मौन अवधि सुरु भएको छ।

राजनीतिक दल र उम्मेदवारको प्रचारप्रसारको अवधि सोमबार मध्यरातदेखि सकिएको छ। निर्वाचन आयोगले राजनीतिक दल तथा उम्मेदवारलाई यही फागुन ४ गतेदेखि सोमबार मध्यरात १२:०० बजेसम्म प्रचारप्रसारको समय दिएको थियो।

मतदान हुनु ४८ घन्टाअघिदेखि मतदान सम्पन्न नभएसम्म कायम हुने मौन अवधिमा प्रचारप्रसार, भाषण, भेला, छलफल, समीक्षालगायत निर्वाचनलाई प्रभाव पार्नेगरी कुनै पनि गतिविधि गर्न नपाइने व्यवस्था छ। मौन अवधिमा मत माग्न, पोष्ट गर्न, निर्वाचनलाई प्रभाव पार्नेगरी हिँडडुललगायतका क्रियाकलाप गर्न नपाइने आयोगले जनाएको छ।

मौन अवधिमा निर्वाचनलाई प्रभाव पार्ने हिसाबले आर्थिक कारोबार गरिएको भेटिएमा उम्मेदवारी खारेजीमात्रै नभई छ वर्षसम्म कुनै पनि निर्वाचन प्रक्रियामा भाग लिन नपाउने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले जानकारी दिए।

निर्वाचनलाई प्रभाव पार्ने गतिविधिमाथि शून्य सहनशीलताको नीति अवलम्बन गरिने आयोगले स्पष्ट पारेको छ। मौन अवधिले स्वच्छ र स्वतन्त्र वातावरणमा विवकेपूर्ण ढङ्गले मतदान गर्न मतदातालाई अवसर सृजना गर्ने अपेक्षा गरिएको छ। निर्वाचन व्यवस्थापन गर्ने निकायलाई सबै किसिमको बन्दोबस्त गरेर शान्ति, सुरक्षा र सुव्यवस्थासहित भयरहित वातावरणमा निर्वाचन गर्न मौन अवधि महत्त्वपूर्ण रहन्छ।

निर्वाचन प्रचारप्रसार अभियानका क्रममा मतदातालाई विभिन्न किसिमका तनाव, दबाब र आश्वासन निरन्तर प्राप्त भइरहने अवस्थामा सबैको कुरालाई मन्थन गरेर उपयुक्त व्यक्तिलाई मतदान गर्नका निम्ति 'फ्रेस' भएर जानसक्ने अवस्था सृजना गर्न मौन अवधिको परिकल्पना गरिएको हो। आआफ्नो दृष्टिकोण, योजना र कार्यक्रम लिएर मतदातासम्म पुगेका उम्मेदवार र राजनीतिक दललाई आफ्नो प्रचारप्रसारको ठण्डा दिमागले समीक्षा गरेर आनन्दले मतदान गर्न जाने र मतपरिणाम कुर्ने समयका रूपमा लिइने गरिएको छ।

मौन अवधिको समय निर्वाचन व्यवस्थापकीय हिसाबले पनि अत्यन्त महत्वपूर्ण हुनेछ। मौन अवधिले निर्वाचन गराउने जनशक्ति र सुरक्षा फौजलाई सबैखाले कामबाट मुक्त गरेर शान्तपूर्ण वातावरणमा निर्वाचनको व्यवस्थापन गर्ने अवसर प्रदान गर्छ।

यस अवधिमा मतदान केन्द्र बनाउने, मतदाता लाइनको व्यवस्थापन गर्ने, शान्ति सुरक्षाको अवस्था मूल्याङ्कन गर्ने गरिन्छ। विश्वका कतिपय मुलुकमा २४ देखि ७२ घण्टासम्म मौन अवधि तोक्न चलन छ। भयरहित वातावरणमा प्रभावकारी ढङ्गले निर्वाचन सम्पन्न गर्ने र मतदातालाई सुसूचित भई सचेततापूर्वक खुला दिमागले ' योग्य र रोजेको' उम्मेदवारलाई मतदान गर्नका निम्ति निर्णयमा पुग्न प्रदान गरिएको समयका रूपमा मौन अवधिलाई लिइन्छ।

उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले मौन अवधिमा विशेष आचारण पालना गर्नुपर्ने निर्वाचन आयोगले जनाएको छ। मौन अवधि सुरु हुनुभन्दा अगाडि मतदान केन्द्रको ३०० मिटर वरिपरि राखिएका आआफ्ना निर्वाचन चिह्न तथा प्रचारप्रसारका सामग्री हटाएको हुनुपर्ने निर्वाचन आचारसंहितामा उल्लेख छ।

सो अवधिमा एसएमएस, फेसबुक, भाइबरजस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालमार्फत मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न पाइने छैन। त्यस्तै उम्मेदवार वा राजनीतिक दलको प्रचारप्रसार हुने गरी कुनै समाचार वा सूचना प्रकाशन वा प्रसारण गर्न पाइँदैन।

# आचारसंहिता पालना गर्न प्रशासनको आग्रह

भरतपुर। जिल्ला प्रशासन कार्यालय चितवनले सोमबार राति १२:०० बजेदेखि निर्वाचनको मौन अवधिमा सुरु हुने भएकाले आचारसंहिता पूर्णरूपमा पालना गर्न आग्रह गरेको छ।

कार्यालयका तर्फबाट जारी सूचनामा प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सोमबार राति १२:०० बजेदेखि मौनअवधि लागू हुने जानकारीसहित निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न/गराउनका लागि मौन अवधिलाई पालना गर्न/गराउन सबैलाई आग्रह गरेको हो।

मौन अवधिमा निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि छलफल, अन्तर्क्रिया, सभासम्मेलन, कार्यशाला, गोष्ठी गर्न नपाइने कार्यालयले जनाएको छ। मतदानस्थलको ३०० मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसारका सामग्री हटाउनुपर्ने, कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न नहुने, सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसारका सामग्री पोष्ट वा सेयर गर्न गर्न/गराउन वा प्रतिक्रिया दिन नहुने सूचनामा जनाइएको छ।

पदाधिकारी, कर्मचारी तथा निकायले मतदान केन्द्र बन्द नहुन्जेलसम्म कुनै पनि प्रकारका अन्तर्क्रिया, सम्मेलन, कार्यशाला, गोष्ठी वा निर्वाचनसँग सम्बन्धित सामूहिक छलफल गर्न नहुने, राजनीतिक दल, उम्मेदवार र दलका भ्रातृ सङ्गठनले निर्वाचन प्रचारप्रसारका लागि जुलुस, आमसभा वा कोणसभा गर्न नपाइने, सञ्चारमाध्यममा कुनै प्रकारका प्रचारप्रसार सामग्री प्रकाशन वा प्रसारण गर्न नपाइने र घरदैलो कार्यक्रम गर्न नपाइने प्रशासनले जनाएको छ।

सञ्चार प्रतिष्ठानसम्बद्ध कर्मचारी तथा पत्रकारले मतदान केन्द्र बन्द नहुन्जेलसम्म राजनीतिक दल वा उम्मेदवारका निर्वाचनसम्बन्धी विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न नपाइने र राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा बहस, टिप्पणी, विश्लेषण, प्रश्नोत्तरलगायत कार्यक्रम गर्न नहुने सूचनामा उल्लेख छ।

निर्वाचन प्रचारप्रसार प्रयोजनका लागि राजनीतिक दल, उम्मेदवार वा निजका प्रतिनिधिले प्रयोग गर्ने अनुमति पाएका सवारीसाधन मौन अवधिमा प्रयोग गर्न नहुने पनि प्रशासनले जनाएको छ।


**पत्रिका प्राप्त नभएमा**
**९८२७२०१७१४**


# स्वास्थ्य/खेलकुद



## मूलाका खानुका यस्ता छन् अनेक फाइदा

धेरैले मुलालाई निकै सामान्य तरकारी वा सलादको रुपमा बुझेका हुन्छन् त्यसैले मुला खाने कुरामा खासै ध्यान दिँदैनन्। खासै महत्व नभएको वा बेतुकको मानिसलाई 'मूला' भनेर गाली गर्ने हाम्रो प्रचलनले पनि मूलाप्रतिको हेलत्व दर्शाउँछ। तर मूला हाम्रो स्वास्थ्यका लागि निकै फाइदाजनक हुने कुरा बुझियो भने सायद मूला हाम्रो अभिन्न अंग बन्नेछ। विज्ञहरुका अनुसार मूलाको सेवनले हाम्रो स्वास्थ्यमा पूराउने फाइदा यस्ता छन्-



१. क्यान्सरबाट बचावट- क्यान्सर जस्ता असाध्य रोगसँग लड्नु असम्भव मानिन्छ। त्यसैले यस्ता रोगबाट बच्नु नै सबैभन्दा उत्तम उपाय हो। मूलाको नियमित सेवनले क्यान्सरको जोखिम घटाउने विभिन्न अ ध्य य न ह रु ल` देखाएका छन्। मूलामा भिटामिन सी हुने हुँदा यसले सरीरका लागि चाहिने एन्टी अक्सिडेन्टको पनि पर्याप्त आपूर्ति गर्दछ जसका कारण कोषका डिएनए नष्ट हुनबाट बचाउँछ। मूला तथा सागपातको सेवनले खासगरी पेट र आन्द्राको क्यान्सरको जोखिम कम गर्ने विशेषज्ञहरुले बताएका छन्। यो सँगै मूलाका अन्य फाइदाहरुमा -

- यसले रक्तचाप सन्तुलित बनाउन मद्दत गर्छ। मूलामा पर्याप्त पोटासियम तत्व हुने भएकाले यसले सरीरमा सोडियम पोटासियम लवणको सन्तुलन कायम राख्न मद्दत गर्छ।
- रगतमा ग्लुकोजको मात्रा नियन्त्रित गरी मधुमेहको जोखिम पनि कम गर्छ।
- वजन नियन्त्रणका साथै मोटोपना घटाउन समेत सहयोग गर्छ। मूलामा निकै कम क्यालोरी र पर्याप्त फाइबर हुन्छ। १ सय ग्रामको मुलामा १६ क्यालोरी मात्र इनर्जी हुन्छ। त्यसैले मूला अघाउँजी खाँदा पनि बढि क्यालोरी भएर मोटोपना बढ्ने जोखिम हुँदैन।
- दमका रोगीका लागि समेत मूलाको सेवन हितकर हुन्छ। मूलाको सेवनले स्वासनलीमा हुने एलर्जीको समस्या समेत क मगर्ने बताइन्छ।
- मूलाको नियमित सेवनले छालामा हुने विभिन्न खाले संक्रमणको जोखिम घटाउनुका साथै अनुहार र छालालाई स्वस्थ राख्न मद्दत गर्छ।
- मूलामा प्रसस्त फाइबर हुने भएकाले यसले पाचन प्रक्रियालाई नियमति गर्ने तथा कब्जियतको समस्या कम गर्छ।
- दाँतलाई स्वस्थ र चम्किलो बनाउन पनि मूलाको सेवन उपयोगी हुन्छ।
- मूलामा प्रसस्त मात्रामा पानी हुने भएकाले यसको सेवनले सरीरमा पानीको आपूर्ति पर्याप्त बनाएर मृगौलाजन्य रोगको जोखिम पनि घटाउँछ।
- गिजाबाट रगत आउने समस्या भएकाहरुका लागि मूलाको सेवन निकै फाइदाजनक हुन्छ। मूलाको रस सेवन गर्ने र मूलाकै रसले मुख कुल्ला गर्ने गर्नाले जिवाणुहरु नष्ट गर्न सहयोग गर्छ। जसले मुख गन्हाउने तथा गिजामा संक्रमण भै रगत बग्ने समस्या समेत कम हुन्छ। -एजेन्सी।

# आचारसंहिताको पूर्ण परिपालना गर्न आग्रह

काठमाडौं। प्रेस काउन्सिल नेपालले मौन अवधिमा आचारसंहिताको पूर्ण परिपालना गर्न आग्रह गरेको छ। काउन्सिसले आजदेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्मसम्म राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा विज्ञापनका अतिरिक्त टक सो, टिप्पणी, विश्लेषण, प्रश्नोत्तरजस्ता कार्यक्रम नगर्न नगराउनेसम्बन्धी निर्वाचन आचारसंहिताको प्रावधान स्मरण गराएको हो।

मौन अवधिमा आचारसंहिता उल्लङ्घन भएमा पत्रकार आचारसंहिता, २०७३ र निर्वाचन आचारसंहिता, २०८२ को व्यवस्थाबमोजिम तत्काले कारबाही प्रक्रिया अवलम्बन गरिने काउन्सिलले उल्लेख गरेको छ।

आचारसंहिता उल्लङ्घनका विषयलाई सञ्चारमाध्यमको मूल्याङ्कन, वर्गीकरण एवं लोककल्याणकारीसहितका अन्य विज्ञापनको भुक्तानीका लागि समेत आधारका रूपमा अभिलेखीकरण गरिने काउन्सिलका सहप्रवक्ता रामशरण बोहराले जानकारी दिए।

निर्वाचनको मौन अवधिमा आचारसंहिता पालनामा थप संवेदनशील, सजग एवम् सचेत रहन सञ्चारमाध्यम, पत्रकार, सञ्चारकर्मी, सामाजिक सञ्जालका प्रयोगकर्तामा काउन्सिलले आग्रह गरेको छ।

# घरभित्रै होली मनाउन प्रशासनको आग्रह

भरतपुर। जिल्ला प्रशासन कार्यालय चितवनले फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई मर्यादितरुपमा सम्पन्न गर्न होली पर्व विशेष कार्यक्रम नराख्न अनुरोध गरेको छ। प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले आसन्न निर्वाचनलाई भयरहित, मर्यादित र शान्त बनाउन हामी सबैको दायित्व भएको बताए।

प्रजिअ अर्यालद्वारा जारी गरिएको विज्ञप्तिमा यसपटकको होली पर्व घर/कम्पाउन्डभित्रै मनाउन सबैमा आग्रह गरिएको छ। विद्यालय, चोक, सडक, पार्कजस्ता सार्वजनिक ठाउँमा होली कार्यक्रम नराख्न अनुरोध गरिएको छ। होलीमा डिजे साउन्ड सिस्टमको प्रयोग गर्न र गराउन पनि निषेध गरिएको छ। जुनकुनै राजनीतिक दल तथा उमेदवारले चुनाव चिन्ह अंकित टिसर्ट, टोपी वा अन्य पोशाक प्रयोग नगर्न अनुरोध गरिएको छ।

'चुनाव चिन्ह अंकित टोपी, टिसर्टहरु बरामद पनि गरिरहेका छौं, होलीमा उमेदवारको तस्बिर, चुनाव चिन्ह राखिएका टिसर्टहरु कहींकतै देखे, भेटेमा जफत गर्नेछौं' प्रजिअ अर्यालले भने, 'कानुनी कारबाही होलीमा मापसे, लापसे गरेर सवारी हाँकेमा नियन्त्रणमा लिएर कानुनअनुसार कारबाही गरिने विज्ञप्तिमा भनिएको छ।


**न्यूज प्रवाह साप्ताहिक इ-पेपरमा**
login : www.newsprabah.com
https://newsprabah.com/e-paper/

# निःशुल्क स्वास्थ्य जाँच शिविर

रत्ननगर। रत्ननगर-४ स्थित बुद्धज्योति इङ्ग्लिस स्कुलको आयोजनामा एकदिने निःशुल्क स्वास्थ्य जाँच शिविर सम्पन्न भएको छ। विद्यालयको आफ्नै प्राङ्गणमा सञ्चालन गरिएको उक्त शिविरमा पाइल्स, फिसर, फिस्टुला तथा गुप्तरोगसम्बन्धी विभिन्न समस्याहरूको विशेषज्ञद्वारा निःशुल्क जाँच गरिएको थियो। स्थानीय सर्वसाधारणलाई लक्षित गरी आयोजना गरिएको शिविरमा उल्लेख्य सहभागिता रहेको थियो।



फाइल फोटो।

विद्यालयका प्राचार्य वैकुण्ठ मरहट्ठाका अनुसार, यस प्रकारका कार्यक्रमले स्वास्थ्य सचेतना अभिवृद्धि गर्नुका साथै रोगको प्रारम्भिक अवस्थामै पहिचान गर्न महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास गरिएको छ।

उक्त शिविर एन्जल फाउन्डेसन, उर्लाबारी (मोरङ)को प्राविधिक सहयोगमा सञ्चालन गरिएको हो। शिविरमा १२ जना स्वास्थ्यकर्मीको सहभागिता रहेको थियो, जसमा चिकित्सक डा. मनीषकुमार यादव, सिनियर काउन्सिलर अस्मिता शर्मा, फार्मेसियन अशोक ताजपुरिया, ल्याब असिस्टेन्ट पूजा राजवंशी, सिनियर ल्याब असिस्टेन्ट अनुपा राई, बजार व्यवस्थापक कृष्ण बडु तथा सुदीक्षा निरौला र नर्सिङकर्मी सीमा चौधरी लगायतको उपस्थिति थियो।

शिविरमा ल्याब परीक्षणअन्तर्गत एचआइभी, हेपाटाइटिस, सिफिलिस तथा अन्य यौनरोगसम्बन्धी परीक्षण गरिएको थियो। साथै, रगत परीक्षण, सुगर तथा रक्तचाप जाँच समेत गरिएको थियो। परीक्षणपछि सेवाग्राहीलाई तत्कालै रिपोर्ट प्रदान गरिएको थियो।

त्यसैगरी मलद्वारसम्बन्धी रोग, पाइल्स, फिसर र फिस्टुलाको जाँच गरी आवश्यक औषधिसमेत निःशुल्क वितरण गरिएको आयोजकले जनाएको छ। आफ्नै स्थानमा विशेषज्ञसहितको गुणस्तरीय सेवा पाएको भन्दै सेवाग्राहीहरू उत्साहित देखिएका थिए।

विसं २०७९ सालमा स्थापना भएको एन्जल फाउन्डेसनले स्वास्थ्य, शिक्षा तथा सामाजिक क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। संस्थाले साना किसान, सहकारी, बैंक तथा शैक्षिक संस्थासँग समन्वय गर्दै देशका विभिन्न जिल्लामा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको शिविर प्रमुख प्रकाश राजवंशीले जानकारी दिए।

हाल उक्त संस्थाले चितवनको रत्ननगरमा शिविर सञ्चालन गरेको हो। पूर्वी चितवनमा मात्रै दुई हजारभन्दा बढी सेवाग्राहीलाई सफल उपचार सेवा प्रदान गरिसकेको र पछिल्लो समय सेवाग्राहीको रोजाइमा पर्न थालेको डा अस्मिता ओलीले बताइन्।

# २१ उमेदवारले खोले बैंक खाता

चितवन। आसन्न प्रतिनिधिसभा निर्वाचनका उम्मेदवारी दर्ता गराएकामध्ये २१ जनाले मात्र बैंक खाता खोलेका छन्। बैंक खाता खोल्नका लागि ३९ले सिफारिस लिएका थिए।

जिल्ला निर्वाचन कार्यालयका प्रमुख भीमसेन कार्कीका अनुसार जिल्लामा ६४ जना उम्मेदवार छन्। सबै उम्मेदवारलाई टेलिफोन गरी खाता खोल्न आग्रह गरिएको उनले जानकारी दिए। उनले भने, "कतिपय उम्मेदवारले त हामी खर्च नै गर्दैनौँ, किन खाता खोल्ने भन्नुहुन्छ।" कतिपयले भने खाता खोल्ने प्रक्रियामा नै रहेको जवाफ दिएको उहाँले जानकारी दिए।

उनका अनुसार आसन्न निर्वाचनका लागि बैंकिङ खाता अनिवार्य गरिएसँगै यसका बारेमा बुझ्न र सिफारिसका लागि आवश्यक प्रक्रियाबारे जानकारी लिन उम्मेदवार र उम्मेदवारका प्रतिनिधिहरू कार्यालय भने आएका छन्। उनले भने, "बैंकिङ खाता खोल्ने विषयमा जानकारी लिन आउनुभएको छ, तर खाता खोल्न अझै धेरैको बाँकी छ।"

निर्वाचन आयोगले राजनीतिक दल एवम् उम्मेदवारबाट हुने निर्वाचन प्रचारप्रसारका लागि प्राप्त हुने स्वेच्छिक आर्थिक सहयोगको रकम र त्यसको प्रचारप्रसारका लागि गर्ने खर्चलाई मितव्ययी, पारदर्शी बनाइ निर्वाचनमा सुशासन कायम गर्न बैंकिङ खाता खोल्नुपर्ने प्रावधान ल्याएको हो।

यस्तै, जिल्लामा रहेका १२ उम्मेदवारले आफ्नो घोषणापत्र आयोगमा बुझाएका छन्। कार्कीका अनुसार तीन जना स्वतन्त्र उम्मेदवार र नौ जना राजनीतिक दलका उम्मेदवारले आफ्नो घोषणापत्र बुझाएका हुन्। आयोगले फागुन ३ गतेसम्म उम्मेदवारले आफ्नो घोषणापत्र आयोगमा बुझाउन आग्रह गरेको थियो।

# बाल क्यान्सरबारे सचेतना

भरतपुर। अन्तरराष्ट्रिय बाल क्यान्सर दिवसका अवसरमा बिपी कोइराला मोमोरियल क्यान्सर अस्पतालले बालबालिकासँग चेतना मूलक एवं सिर्जनात्मक कार्यक्रम गरी मनाएको छ। अस्पतालले बालबालिका र उनीहरुको अभिभावकलाई बाल क्यान्सरको बारेमा जानकारी गराएको हो।

अस्पतालका उपनिर्देशक डा उमेश नेपालका अनुसार अस्पतालले तीन दिनसम्म विभिन्न कार्यक्रम गरेर बाल क्यान्सर दिवस मनाएको हो। कार्यक्रम अन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई बाल क्यान्सरसम्बन्धी तालिम, अभिभावकसँग समस्या र समाधानका विकल्प विषयक छलफल र बालबालिकाको विशेष समारोह गरी बाल क्यान्सर दिवस मनाइएको हो। चित्रकला प्रतियोगितासमेत गरिएका थियो । अस्पतालको वार्डमा रहेका बालबालिकालाई मास्क, सेनिटाईजर, कापी कलम, रङ्ग, प्रोटिनयुक्त खाना र पानीका बोतल जस्ता सामग्री वितरण गरिएको थियो। कार्यक्रममा अस्पतालमा उपचाररत बालक प्रेश्टा श्रेष्ठ र उनका अभिभावकले अस्पतालमा आफ्नो उपचार र भोगाइका बारेमा बोलेका थिए।

अस्पतालका वरिष्ठ कन्सल्टेन्ट पिड्रियाट्रिक हेमाटो अङ्कोलोजिस्ट डा कृष्णसागर शर्माले समायमानै रोग पहिचान भए उपचारबाट धेरै रोग निको पार्न सकिने बताए। उनले भने, 'समायमानै सचेत भएर उपयुक्त उपचार गर्न सके रोग निको पार्न सकिन्छ।'

# फिल्म/मनोरञ्जन

# "लालिमा"को ट्रेलर सार्वजनिक

काठमाडौं। तीन हजारभन्दा बढी यौनकर्मी महिलाको अनुभवमा आधारित फिल्म 'लालिमा'को ट्रेलर सार्वजनिक गरिएको छ। झन्डै तीन मिनेट लामो ट्रेलरले फिल्मको कथावस्तु र केन्द्रीय द्वन्द्वबारे संक्षिप्तमा प्रकाश पारेको छ। अभिनेत्री रोश्नी कार्कीलाई केन्द्रमा राखिएको ट्रेलरमा उनको पारिवारिक उतारचढाव र यौनकर्ममा लागेपछि भोगेका समस्यालाई मर्मस्पर्शी रुपमा देखाइएको छ।




कोठाभित्र त्रसित अवस्थामा रहेकी रोश्नीलाई चित्रित गर्दै सुरु भएको ट्रेलर प्लास्टिकभित्र उनी छट्पटाइरहेको दृश्यसँगै सकिएको छ। त्यसबीचमा उनको पारिवारिक समस्या, कुनै बाध्यताले यौनकर्ममा लागेपछि भोग्नुपरेका कठिनाइ, प्रेम जीवन र भावनात्मक उतारचढावलाई प्रस्तुत गरिएको छ। ट्रेलर हेर्दा निर्देशकले प्रतीकात्मक दृश्यमार्फत पनि कथा भन्ने प्रयास गरेको देखिन्छ।

फागुन २९ गतेबाट प्रदर्शन हुन लागेको यस फिल्ममा रोशनीसहित शिशिर वाङ्देल, जीवन भट्टराई, उषा रजक, सुष्मा निरौला, सबिन कट्टेल, घनश्याम जोशी लगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ। रोशन मिराजको लेखन तथा निर्देशन रहेको फिल्मलाई फेथ आस्था र एम्पिफाई चेन्जले निर्माण गरेका हुन्। फिल्मको कार्यकारी निर्मातामा रीना लामा छिन्।

निर्देशक मिराजले फिल्मको कथा लालिमा पात्रको कठिनपूर्ण यात्रामा आधारित रहेको बताएका छन्। उनी भन्छन्, 'एक घटनाले लालिमाकी आमा कारागार पुग्छिन्। आमालाई त्यहाँबाट मुक्त गराउने क्रममा उनी सहरको कठोर र अँध्यारोतर्फ धकेलिन्छिन्। त्यसपछि शारीरिक र मानसिक पीडाबीच उनी कसरी बाँच्न बाध्य हुन्छिन् भन्ने कथा फिल्ममा छ।'

# प्रियंकाको "टाँक" युट्युबमा रिलिज

काठमाडौं। अभिनेत्री प्रियंका कार्की अभिनय र निर्माण दुवै विधामा सक्रिय छन्। कोरोना महामारीभन्दा अघि वेब सिरिज 'जस्ट एनदर लभ स्टोरी' निर्माण गरेकी उनले २ वर्षअघि सर्ट फिल्म 'टाँक' पनि बनाएकी थिइन्। केही अन्तर्राष्ट्रिय फेस्टिभलमा स्क्रिनिङ गरेपछि यो फिल्मलाई गत शुक्रबार युट्युबमा रिलिज गरिएको छ। प्रियंकाले आफ्नो जन्मदिनमा फिल्म रिलिज गरेकी हुन्।

साम्तेन भुटियाको निर्देशनमा बनेको यो फिल्म १४ मिनेट ४४ सेकेण्ड लामो छ। यसमा प्रियंका स्वयंले अभिनय गरेकी छन्। सुदूरपश्चिमेली लवजमा प्रस्तुत भएकी उनले आमाको भूमिका निभाएकी छन्। अझै पनि तुइनको सहारामा नदी वारपार गर्नुपर्ने नेपालीहरूको बाध्यतालाई चित्रण गर्दै फिल्मले एक आमा-छोराको कथा भनेको छ। फिल्ममा प्रियंकाको अभिनय जीवन्त लाग्छ।

युट्युबमा फिल्म रिलिज भएसँगै दर्शकबाट सकारात्मक प्रतिक्रियाको ओइरो लागेको छ। प्रायःले प्रियंकाको अभिनयको खुलेर प्रशंसा गरेका छन्। कतिपयले उनको अहिलेसम्मकै उत्कृष्ट अभिनय भनेका छन्। फिल्मको कथा पनि उत्तिकै रुचाइएको छ। क्लाइमेक्सको ट्विस्ट र सन्तानप्रति आमाको प्रेमले स्तब्ध बनाएको प्रतिक्रिया पनि धेरै देख्न सकिन्छ।

प्रियंकाले पहिलो पटक कथा सुन्दा नै आफूले यो फिल्म बनाउने निर्णय गरेको बताएकी छन्। उनले फेसबुकमा लेखेकी छन्, 'यो हाम्रो लागि विशेष छ, किनभने यो आयंका फिल्म्सको पहिलो उत्पादन हो। हाम्रा प्रोड्युसरहरू र विशेषगरी लेखक-निर्देशक साम्तेनलाई धन्यवाद। मैले पहिलो पटक कथा सुन्दा नै तत्काल महसुस गरेको थिएँ कि हामीले यो फिल्म



बनाउनु पर्छ।'

प्रियंका र उनका श्रीमान् आयुष्मान देशराज जोशी कार्यकारी निर्माता रहेको यस फिल्ममा प्रियंकासहित रोयल केसी, एलेक्स केसी, अरुण रेग्मी, घनश्याम जोशी, रेनु योगी लगायतका कलाकारहरूको अभिनय देख्न सकिन्छ। निर्देशक भुटिया स्वयंको लेखन तथा सम्पादन रहेको 'टाँक'लाई आयुष्मानले छायांकन गरेका हुन्।

Cell: 9845067414
B. & B. Media Network [P.] Ltd.
Bharatpur, Chitwan
Remember for :
Visiting card
Wedding card
Number Plate
Color Print
Nylon Stamp
Bill/Receipt
Computer Design
Flex/Photo Print
All kinds of Printing Job

# जाडो छल्न आएका चरा थाले फर्किन

भरतपुर। जाडो छल्न हिमालपारिबाट आएका चरा फर्किन थालेका छन्। जाडो मौसम सुरु भएसँगै गत असोजबाट आउन सुरु गरेका चरा गर्मी सुरु भएसँगै फर्किन थालेका हुन्।

चितवन राष्ट्रिय निकुञ्जलगायत आसपासका सिमसार क्षेत्रमा हाँस प्रजातिका चरा जाडो छल्न आउने गर्दछन्। हरेक वर्ष अक्टोबरमा आउने ती चरा गर्मी सुरु भएसँगै फर्कन थालेका हुन्।

फेब्रुअरीको अन्तिम साताबाट फर्किन थालेका ती चरा मार्च अन्तिमसम्म सबै गईसक्ने नेपाल पन्छीविद् संघ बागमती प्रदेशका अध्यक्ष वासु बिडारीले बताए।

यहाँ मङ्गोलिया, रुस, मलेसिया, उज्बेकिस्तान, पाकिस्तान, चीनलगायत देशबाट चरा आउने गर्दछन्। जाडो छल्न आउने ती चरा कालीगण्डकीको खोच हुँदै चितवनसम्म आइपुगेका थिए। जाडो छल्न हाँस प्रजातिका कन्याङकुरुङ, चखेवा, सुइरोपुच्छ्रे, मालक, खडखडे, बिजुला, गैरीसहित बाज, चिललगायत चरा यहाँ आउने गर्दछन्।

वनमा आश्रित प्रजातिमा चाचर, चुइया, भारद्वाजसमेत आउने गरेको अध्यक्ष बिडारीले बताए।

यहाँका नदी किनार र तालतलैयामा यस्ता चरा आएर बस्ने गर्दछन्। उहाँका अनुसार नेपाल बाहिरदेखि आएका १२ देखि १५ हाँस प्रजातिका चरा यहाँको नारायणी, राप्ती नदी र रिउखोलामा रमाउने गर्दछन्। नेपालमा १५० प्रजातिका चरा जाडो छल्न आगन्तुक रूपमा आउने गर्दछन्।

यी चरा ६ महिनापछि बच्चा कोरल्ने समयमा फेरि दक्षिणबाट उत्तर फर्कने अध्यक्ष बिडारीले जानकारी दिए। पृथ्वीको उत्तरी ध्रुवमा दिन छोटो र रात लामो हुने हुँदा चर्नका लागि समयसमेत नहुने हुँदा ती चरा आउने गरेको विज्ञ बताउँछन्।

नेपालमा विशेषगरी सिमसार, घाँसेमैदान, वन र खेतबारीमा बस्ने चरा आउने गर्दछन्। चितवन राष्ट्रिय निकुञ्ज चराका लागि उत्तम वासस्थानका रूपमा लिइन्छ। निकुञ्ज हुँदै बग्ने राप्ती, रिउसँगै नारायणी नदी र निकुञ्जभित्रका तालतलैया र वन क्षेत्रमा आगन्तुक चरा रमाउने गर्छन्। निकुञ्ज, मध्यवर्ती र सामुदायिक वन पनि पन्छीको राम्रो विचरण क्षेत्र हुन्। नेपालमा ९०२ प्रजातिका चरा पाइन्छन् भने चितवनमा मात्र ६५२ प्रजातिका चरा पाइन्छन्।

यससँगै गर्मी मौसममा आउने चरा आउन थालेका छन्। अध्यक्ष बिडारीका अनुसार भारत हुँदै आउने ती चरा नेपाल छिर्न थालेका छन्। उनले भने, "जाडो छल्न आएका चरा फर्किन थालेका छन् भने गर्मीमा आउने चरा आउन थालेका छन्।" गर्मीमा आउने चराले यही बच्चा कोरलेर जाडो सुरु भएसँगै फर्किने गर्दछन्।

## ५२ उमेदवारले...

तर उमेदवारले बुझाएनन्। फागुन ३ गतेसम्म उमेदवारले आफ्नो घोषणापत्र आयोगमा बुझाउन आग्रह गरेको थियो। उनले घोषणापत्र बुझाउने कार्य कार्यान्वयनमा आउन नसकेको बताए। उनले भने, 'यसको रिपोटिङ हामी आयोगमा गर्नेछौं।'

चितवनमा उमेदवारी दर्ता गराएकामध्ये २१ जनाले मात्र बैंक खाता खोलेका छन्। बैंक खाता खोल्नका लागि ३९ ले सिफारिस लिएका छन्।

## मुसहर ...

को उम्मेदवार छन् भन्ने सम्म थाहा छैन। मतदान नजिकिए पनि यहाँ मतदाता शिक्षा स्वयंसेवक आइनपुगेको उनले गुनासो गरिन्।

ज्याला मजदुरी गरेर जीविका चलाउँदै आएका यस समुदायमा शिक्षा, स्वास्थ्य र रोजगारीको अभाव छ। पहिलो पटक मतदाता नामावलीमा नाम दर्ता भएका महेश माझी निर्वाचनको विषयमा कुरा गर्न समेत मानेनन्। उनलाई मतदान गर्ने रुचि समेत देखिन्न। उनले भने, 'मलाई मतदान गर्ने इच्छा नै छैन केको निर्वाचन लाग्नु।' आफूले 'प्लस टू' उत्तीर्ण गरे पनि रोजगारी पाउन नसकेपछि अटो भाडामा लिएर चलाउँदै आएको उनले बताए। रोजगारी, शिक्षा र स्वास्थ्यको ग्यारेन्टी नहुने भएकाले मतदान गर्ने रुचि नभएको उनको भनाइ छ।

कक्षा १२ सकेर घरमै सीप सिक्दै आएकी अञ्जली माझी पनि दलका उम्मेदवारहरुले आफ्नो बस्तीलाई बिर्सेको गुनासो गरिन्। उनले भनिन्, 'हाल यहाँका मतदातालाई मतदान गर्ने तरिकासमेत थाहा छैन।'

## सेनाको ...

नियन्त्रण गर्न, आकस्मिक अवस्थाको तत्काल प्रतिकार्य गर्न तथा रणनीतिक क्षेत्रमा निरन्तर निगरानी राख्ने उद्देश्यले गस्ती सुरू गरिएको नयाँ सबुज गण भरतपुरले जानकारी दिएको छ।

गाडी तथा संयुक्त सुरक्षा गस्तीसमेत गरिरहेको सेनाले मोटरसाइकलमा मतदानस्थल केन्द्रित मोबाइल पेट्रोलिङ गर्नेछ।

मोटरसाइकलमा गरिने मोबाइल पेट्रोलिङबाट गाउँ बस्ती, मतदान केन्द्र आसपास तथा मुख्य सडक खण्डहरूमा नियमित उपस्थित हुन सहज हुने र थप सुरक्षा सुदृढ हुने बताइएको छ।

चितवनमा सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र निर्वाचन प्रहरीले चौबिसै घन्टा गस्ती गरिरहेका छन्।

## निर्वाचनको ...

चितवनको सात पालिकामा २५ वटा मतदानस्थललाई 'अति संवेदनशील' स्थलको रुपमा वर्गीकरण गरिएको छ।

'अति संवेदनशील'स्थलमा चितवनको तीन वटा क्षेत्रका मतदानस्थल परेका छन्। 'अतिसंवेदनशील' मतदानस्थलमा निगरानी बढी हुनेछ।

निर्वाचन कार्यालय भरतपुरका सूचना अधिकारी नेत्रराज श्रेष्ठका अनुसार जिल्लामा रहेका १६१ वटा मतदान स्थलमध्ये ९४ मतदानस्थललाई संवेदनशील स्थलको रुपमा वर्गीकरण गरिएको छ। ४३ वटा मतदानस्थललाई सामान्यस्थलको रुपमा वर्गीकरण गरिएको छ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार जिल्लाका तीनवटा निर्वाचन क्षेत्रमा चार लाख ४२ हजार ८२ जना मतदाता रहेका छन्। दुई लाख १७ हजार ३१४ पुरूष र दुई लाख २४ हजार ७६६ महिला एवं दुई जना तेस्रो लिङ्गी छन्। १६२ वटा स्थल र ४९४ वटा केन्द्रबाट मतदान हुनेछ। निर्वाचन कार्यालयका प्रमुख भीमसेन कार्कीले प्रतिनिधिसभा निर्वाचन २०७९ को निर्वाचनको तुलनामा अहिलेको निर्वाचनमा ३३ हजार ७४० नयाँ मतदाता थपिएका छन्। ३४ वटा मतदानकेन्द्र थप भएको छ।

क्षेत्र नं १ मा एक लाख ४९ हजार ६२१ मतदाता छन्। यसमा ७६ हजार ७६१ पुरूष र ७५ हजार ८६० जना महिला रहेका छन्। यस क्षेत्रमा ५६ मतदानस्थल र १६८ मतदानकेन्द्र रहेका छन्।

यस्तै, क्षेत्र नं २ मा एक लाख ३७ हजार १५२ मतदाता छन्। तीमध्ये ६७ हजार ८५७ पुरूष र ६९ हजार २९४ महिला एवम् एक जना तेस्रोलिङ्गी रहेका छन्। यहाँ ४८ स्थल र १५२ वटा केन्द्रबाट ती मतदाताले मतदान गर्नेछन्। क्षेत्र नं ३ मा एक लाख ५५ हजार ३०९ मतदाता रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। तीमध्ये ७५ हजार ६९६ पुरूष र ७९ हजार ६१२ महिला एवं एक जना तेस्रोलिङ्गी रहेका छन्। उनीहरुले ६३ स्थल र १७४ केन्द्रबाट मतदान गर्नेछन्।

# सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**निःशुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरु**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं।

**भरतपुर महानगरपालिका**
**कृषि तथा पशुपन्छी**
**व्यवसाय प्रवर्द्धन शाखा**






## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**आकस्मिक एम्बुलेन्स सेवा**

| | |
|---|---|
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैंडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैंडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |

**अस्पताल काठमाडौं**

| | |
|---|---|
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |

**अस्पताल चितवन**

| | |
|---|---|
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |

**प्रहरी प्रशासन**

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैंडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |

**पत्रपत्रिका/सञ्चार**

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

**पत्रिका मागेर हैन किनेर पढने बानी बसालौं।**

# साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** — यो सातामा शुभकार्यको चर्चा चल्नेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। मनमा उत्साहका साथै बोली बिक्ने समय छ। नसोचेको ठाउँबाट धनागम हुनेछ। आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ, तर स्वास्थ्य प्रति चैं सावधानी अपनाउनुपर्छ।

**वृष** — यो सप्ताह धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। प्रेममा मधुरता छाउला। आँटेको र ताकेको कार्य पुरा होला। साताको उत्तरार्धबाट आर्थिक कारोबारमा मन्दी आउनेछ।

**मिथुन** — यो साता लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय रहेको छ। रोकिएको काम दोहोर्याएर प्रयत्न गर्दा सफलता मिल्नेछ। साताको अन्त्यमा व्यस्तता बढ्नुका साथै स्वास्थ्यप्रति सजगता अपनाउनु होला।

**कर्कट** — यो साता शुभ कार्यको योजना बन्नेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। बन्धु बान्धवबाट सहयोग मिल्नेछ। सेयरको कारोबारमा फाइदा पनि बढ्न सक्छ। साताको अन्त्यमा अनावश्यक ठाउँमा धन खर्च होला।

**सिंह** — यो साता स्वास्थ्यमा समस्या हुनसक्छ, त्यसैले सङ्क्रमणबाट आफू पनि बच्ने र अरूलाई पनि बचाउन सहयोग गर्नु होला। महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला, तर आत्मबल बढाएर काम गरेमा असफल भइँदैन। बुधवारबाट साथी भाइको भेटघाटले मन प्रसन्न रहला।

**कन्या** — यो साता विपरित वर्गबाट विशेष सहयोग मिल्ने र शुभ कार्यको योजना बन्नेछ। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ। साताको मध्यमा सरकारी निकायको भय रहला।

**तुला** — यो साता कुनै कुराले मनमा शान्ति छाउनेछ। रोकिएका कामहरू पुनः सुरु हुन सक्छन्। विज्ञान र प्राविधिक कार्य अघि बढ्नेछ। मान प्रतिष्ठामा वृद्धि होला। प्रेम जीवन सबल र सफल हुनुका साथै आम्दानीका नयाँ स्रोत बढ्नेछन्।

**वृश्चिक** — यो सप्ताहमा सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। दैनिक कार्य र पढाइमा प्रगति नै हुनेछ। रमणीय र सुखद यात्राको योग छ। राजनीतिक कार्यमा सफलता मिल्नेछ। नयाँ कार्यको अवसर मिल्नेछ। व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ।

**धनु** — यो साताको सुरुका दिनमा दबाब र तनाव बढेको महसुस हुनेछ र केही अप्ठयारा परिस्थितिको सामना गर्नुपर्ला। मन भावुक र उत्ताउलो बन्नेछ, सचेत रहनु होला। मङ्गलवारबाट शुभकार्यको चर्चा चल्नेछ।

**मकर** — यो साता धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ। स्वास्थ्य साबर र शिक्षामा सफलता मिल्नेछ। सामाजिक कार्यमा रुचि बढ्नेछ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। मनोरञ्जनमा सहभागिता भइएला।

**कुम्भ** — यो साता धार्मिक, सामाजिक र अरुको हित हुने काममा समय व्यतीत हुनसक्छ। व्यावसायिक काममा राम्रै फडको मार्न सकिनेछ। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। पारिवारिक जमघट र विशिष्ट व्यक्तिको सहयोग पाइनेछ।

**मिन** — यो साता सामाजिक कार्यमा रुचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ। पुँजी बजारमा लगानीको अवसर आउनाले मन प्रसन्न रहनेछ र पछि फाइदा हुनेछ। साताको मध्यमा मानसिक चिन्ता बढ्नेछ।

# चितवनमा थपिए करिब ३४ हजार मतदाता

भरतपुर। चितवनका तीनवटा क्षेत्रमा ३३ हजार ७४० नयाँ मतदाता थपिएका छन्, जसमा बढी ३० वर्षमुनिका छन्। चितवन-१ मा नौ हजार ७७६, क्षेत्र नं २ मा १२ हजार ९३४ र क्षेत्र नं ३ मा ११ हजार २६ मतदाता नयाँ थपिएका निर्वाचन कार्यालय भरतपुरका प्रमुख भीमसेन कार्कीले बताए।




चितवन-१ मा एक लाख ४९ हजार ६२१ मतदाता छन्, जसमा ७३ हजार ७६१ पुरूष, ७५ हजार ८६० महिला मतदाता छन्। चितवन-२ मा एक लाख ३७ हजार १५२ मतदाता छन्। जसमा ६७ हजार ८५७ पुरूष र ६९ हजार २९४ महिला मतदाता छन्। तीनवटा क्षेत्रमा चितवन-३ मा सबैभन्दा धेरै मतदाता छन्। चितवन-३ मा एक लाख ५५ हजार ३०९ मतदाता छन्, जसमा ७५ हजार ६९४ पुरूष र ७९ हजार ६१२ महिला मतदाता रहेका छन्।

यसैगरी, चितवनमा यसपटकको निर्वाचनमा तीन हजार १८५ अस्थायी मतदाता छन्। जिल्ला कारागार भरतपुरमा ११५ अस्थायी मतदाता छन्। उनीहरुका लागि दुईवटा अस्थायी मतदानकेन्द्र तोकिएको छ। एउटा जिल्ला समन्वय समितिमा र अर्को जिल्ला कारागारमा अस्थायी मतदानकेन्द्र राखिने निर्वाचन कार्यालय भरतपुरले जनाएको छ।

जिल्लामा रहेका १६१ वटा मतदानस्थलमध्ये २५ वटा मतदानस्थल अतिसंवेदनशील र ९४ मतदानस्थललाई संवेदनशील स्थलको रुपमा वर्गीकरण गरिएको छ। ४३ वटा मतदानस्थललाई सामान्य स्थलको रुपमा वर्गीकरण गरिएको छ। जिल्ला प्रहरी कार्यालयका प्रमुख गोविन्द पुरीले मतदानस्थलको आधारमा आवश्यकता प्रयोग गरी सुरक्षाकर्मी खटाइने भन्दै एउटा मतदानस्थलमा निर्वाचन प्रहरी, प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना खटिने बताए। उनले भने, 'यति नै संख्या भन्न सकिँदैन, आवश्यकताअनुसार खटिन्छन्।'





फोन : ९८४६४७५३४१
९८४६८५२९१५

**गोरखा फेन्सी**

भरतपुर-११, बसेनी



हामीकहाँ आदिवासी जनजातिका भेषभूषा तथा महिलाका तयारी पोशाकहरु सुपथ मूल्यमा पाइन्छ।


# हार्दिक बधाई तथा शुभकामना



**थिरप्रसाद धिताल**
अध्यक्ष

**जयराम पाण्डे**
प्रबन्ध सञ्चालक



**रामचन्द्र वंशी ठकुरी** सञ्चालक | **मुकुन्दप्रसाद गौतम** सञ्चालक | **रामराज पाण्डे** सञ्चालक | **सोमबहादुर बज्यू** सञ्चालक



**काशीराम सापकोटा** सञ्चालक | **शंकरप्रसाद भेटुवाल** सञ्चालक | **नवराज अर्याल** सञ्चालक | **हरिप्रसाद रिजाल (अच्युत)** सञ्चालक | **ढलकप्रसाद धिमाल** सञ्चालक

यस न्यूजप्रवाह साप्ताहिक पत्रिकाका सम्पूर्ण शुभचिन्तक महानुभावहरु कृषि प्रवर्द्धन बजार विकास प्रा.लि.को नवौं वार्षिक साधारण सभा तथा पाँचौ अधिवेशनबाट अध्यक्षमा **थिरप्रसाद धिताल**, प्रबन्ध सञ्चालकमा **जयराम पाण्डे** र संचालक सदस्यहरुमा **रामचन्द्र वंशी ठकुरी**, **मुकुन्दप्रसाद गौतम**, **रामराज पाण्डे**, **सोमबहादुर बज्यू**, **काशीराम सापकोटा**, **शंकरप्रसाद भेटवाल**, **नवराज अर्याल**, **हरिप्रसाद रिजाल (अच्यूत)**, **ढलकप्रसाद धिमाल** सर्वसम्मत चयन हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछौं।

**बबिलाल तामाङ** प्रधान सम्पादक एवम्
**न्यूजप्रवाह साप्ताहिक परिवार**
भरतपुर, चितवन

## भरतपुर महानगरपालिका
## नगर कार्यपालिका कार्यालय
### भरतपुर, चितवन

## सूचना ! सूचना !! सूचना !!!

भरतपुर महानगरपालिकालाई देशकै सुन्दर, समृद्ध र सुसंस्कृत सहर बनाउने जिम्मेवारी तथा दायित्व तपाई हामी सबै सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरु, नागरिक समाज एवं हामीसबै महानगरवासीको हो। महानगरपालिकाले भौतिक विकासका साथसाथै महानगरपालिकालाई हरियाली, बातावरण अनुकुलीत महानगर बनाउनको लागि विगत वर्षदेखि हरियाली एवं वृहत्तर सरसफाई कार्यलाई समुदायस्तरबाट अभियानको रुपमा सुरुवात गरी निरन्तरता दिइआएको छ। यस महानगरपालिका अन्तर्गत सिर्जित सबै किसिमका फोहोरमैलालाई महानगरपालिकाबाट तोकिएको समयमा जनताका घर, घरबाट नै संकलन तथा उचित व्यवस्थापन हुँदै आएको छ।

यद्यपी सार्वजनिक स्थलहरुमा फोहोर फाल्ने, सडकका दायाँ बायाँ रोपिएका विरुवाहरु उखल्ने, सुर्तिजन्य तथा खाद्य पदार्थहरुको खोलहरु यत्रतत्र फाल्ने, लुकिछिपी घरबाट निस्कने फोहोरमैलाहरु आफ्नो घरआँगन भित्र नराखी सडक किनारमा फाल्ने, सार्वजनिक स्थलमा निर्माण सामाग्रीहरु थुपार्ने, सार्वजनिक संस्थाहरुबाट समेत निर्माण कार्यसम्पन्न पश्चात पनि विद्युतका पोलहरु, दुरसञ्चार तथा इन्टरनेट केवल तारजन्य सामाग्रीहरु सडकपेटीमा राखे प्रवृत्ति देखिएकोले उक्त कार्यहरु नगर्नु नगराउनु हुन यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ। अब उप्रान्त अनुगमनका क्रममा माथि उल्लेखित गतिविधि देखिएमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ मा उल्लेख भएअनुसारको कसुर मानी दफा ३९ बमोजिम रु. ५ हजार देखि रु. १ लाखसम्मको जरिवाना र सजायका साथै भरतपुर महानगरपालिकाको आर्थिक ऐन,२०८१ बमोजिम जरिवानासमेत स्थलगत रुपमा यस कार्यालयबाट खटिएका नगर प्रहरी लगायतका कर्मचारी मार्फत असुलउपर गरी प्रचलित ऐन, कानून बमोजिम आवश्यक कारवाही गरिने व्यहोरा संम्बन्धित सबैका लागि जानकारी गराइएको छ।

**भरतपुर महानगरपालिका**
**वातावरण तथा विपद व्यवस्थापन महाशाखा**


"तपाईको सेवामा, आजै कल गर्नुहोस्"



- चितवन तथा तराईको उच्च गुणस्तरको ईट्टा हरु नेपालको जुनसुकै ठाउँमा चाहिएमा।
- गिट्टी, ढुंगा, बालुवा चितवन र नवलपुरको सबै स्थानमा होम डेलिभरिको व्यवस्था।
- चितवन र नवलपुरको जुनसुकै स्थानमा घर तथा घडेरी अति आकर्षक र सस्तो मूल्यमा।

सम्पर्क : ९८२७२०१७१४